नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## लमजुङ

फोन नं ०६६-५२०१३३,५२०२५५
फ्याक्स नं ०६६-५२०१३४
इमेल daolamjung@moha.gov.np
वेवसाइट www.daolamjung.gov.np

### सवारी साधन लिलाम बिक्री सम्बन्धी सूचना।

मिति: २०८२-०४-१५ (दोस्रो पटक)

विभिन्न फौजदारी मुद्दाहरुमा अभियोग साथ दशीको रुपमा पेश भएका कसुरजन्य सम्पत्ती तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ ले निर्दिष्ट गरे बमोजिम जफत ठहर भएका विभिन्न नाम र कम्पनीका मोटरसाईकलहरु कसूरजन्य सम्पत्ति तथा साधन रोक्का साधन ( रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १८ बमोजिम गठित मूल्याङ्कन समितिबाट कायम भएको न्यूनतम मूल्याङ्कनलाई आधार मानेर सोही ऐनको दफा २० मा भएको व्यवस्था तथा नियमावलीको नियम ९ मा उल्लेख भए बमोजिम लिलाम बिक्रीका लागि यो सूचना प्रकाशित गरिएको छ। यी सवारी साधन जे जस्तो अवस्थामा छन सोही अवस्थामा यस कार्यालयको गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने भएकोले ईच्छुक नेपाली नागरिक, व्यक्ति, फर्म वा संस्थाले मूल्याङ्कित रकमको २०%(बीस प्रतिशत) धरौटी वापतको रकम जम्मा गरिएको सक्कल भौचर तथा अन्य आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वक श्री राष्ट्रिय वाणिज्य बैंक, बेशीशहर शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नम्बर ३०४०१००१०२०३००००, कार्यालय कोड नम्बर ३१४९२३७०१ मा जम्मा गरी सोको सक्कल भौचर सिलबन्दी बोलपत्र फाराम साथ पेश गर्नुपर्ने छ। बोलपत्र फाराम पछि फिर्ता नहुने गरी जिल्ला प्रशासन कार्यालयको आर्थिक प्रशासन शाखामा रु.१,०००/- राजस्व दाखिला गरी प्राप्त गर्न सकिनेछ।

तपसिल:

| क्र.सं. | बोलपत्र नम्बर | सवारी साधन नं. | सवारी साधन कम्पनी /चेसिस नं./ इन्जिन नम्बर | न्यूनतमा मुल्याङ्कन गरिएको प्रति इकाई मुल्य मु.अ. बाहेक | न्युनतम मूल्याङ्कनको २०% धरौटी रकम | बोलपत्र फाराम दस्तुर फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | DAO/LMG/01/081-82 | बा ४४ प २३१४ | Bajaj/Pulsar 150 CC<br>MD2DHDHZZTCG58340<br>DHGBTG44709 | ७०,०००/- | १४,०००/- | १,०००/- | |
| २ | DAO/LMG/01/081-82 | ग १० प १८५४ | Bajaj/Pulsar 150 CC<br>MD2A12DZ0ECH45601<br>MD2A12DZ0ECH45601 | ७०,०००/- | १४,०००/- | १,०००/- | |
| ३ | DAO/LMG/01/081-82 | बा ५८ प ४२९१ | Bajaj/Pulsar 220 CC<br>MD24A13EZ0DCE71912<br>DKZCDE69166 | ९०,०००/- | १८,०००/- | १,०००/- | |
| ४ | DAO/LMG/01/081-82 | बा ३५ प ९१२९ | Honda/ Shine 125 CC<br>ME4JC366H98303425<br>JG36E9460002 | ६०,०००/- | १२,०००/- | १,०००/- | |

२०८२/०४/१५

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
लमजुङ

फोन नं ०६६-५२०१३३,५२०२५५
फ्याक्स नं ०६६-५२०१३४
इमेल daolamjung@moha.gov.np
वेबसाइट www.daolamjung.gov.np

शर्तहरु:

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपी र फर्म वा कम्पनि भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी सहित रु बिस लाख भन्दा कमको भए रु १,०००/- र सो भन्दा माथिको भए रु.३,०००/- को फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखामा बुझाएको रकमको रसिद संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०८२-०४-२९ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ। आफुले खरिद गर्द चाहेको सवारी साधनको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र काजग तोकेको दस्तुर तिरेर खरिद गर्नुपर्नेछ।

२. व्यक्ति फर्म वा कम्पनीले आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफुले सम्बन्धित सवारी साधनलाई कबोल गरेको अंक सहित सिलबन्दी दरभाउपत्र मिति २०८२-०४-३० गते दिनको १२:०० बजे भित्र कार्यालयमा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधी र अन्यको हकमा प्रोपाईटर स्वयं व्यक्तिले सहिछाप गरी खाम बाहिर जिल्ला प्रशासन कार्यालय र सुचना नं. अनिवार्य उल्लेख गरी दर्ता गर्नुपर्नेछ।

३. व्यक्ति र फर्म वा कम्पनीले सिलबन्दी दरभाउपत्रमा सम्बन्धित सवारी साधनको मुल्याङ्कन भई कायम भएको रकमको २०(बीस) प्रतिशतले रकम कोलेनिका लमजुङको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. ३०४०१००१०२०३००००, कार्यालय कोड ३१४९२३७०१ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर र व्यक्ति भए नागरिकताको प्रतिलिपी र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र मु.अ. कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ।

४. आफुले कबोल गरेको मुल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

५. सवारी साधनहरु यातायात व्यवस्था कार्यालय तथा अन्य निकायमा दर्ता गर्ने प्रयोजनका लागि लाग्ने सम्पुर्ण दस्तुर करहरु लिलाम सकार गर्ने व्यक्ति/ फर्म स्वयंमले व्यहोनुपर्नेछ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति वा फर्मले आफुले स्वीकार गरेको रकमको नियमानुसार मुल्य अभिवृद्धी कर र अन्य करहरु समेत तिर्नुपर्नेछ।

७. कार्यालयमा पेश हुन आएका सम्पुर्ण सिलबन्दी दरभाउपत्र मिति २०८२/०४/३० गते दिनको १:०० बजे यस कार्यालयमा सम्बन्धित व्यक्ति र फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ।

८. सिलबन्दी दरभाउ खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

९. सिलबन्दी दरभाउ स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. सुचनामा उल्लेखित बाहेकका अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

११. व्यक्ति र फर्म वा फर्मले लिलाम विक्री र सवारी साधनहरु सम्बन्धि केही बुझ्न चाहेमा यस कार्यालयको भण्डारण शाखामा बुझ्न सकिनेछ।

(प्रशासकीय अधिकृत)